**एनएमबि लघुवित्त वित्तीय संस्था लि.**
**NMB Laghubitta Bittiya Sanstha Ltd.**
"नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था"
**केन्द्रीय कार्यालय : पोखरा-२५, हेम्जा, कास्की, फोन : ०६१-४००४२७, ४००४७७**

# नवौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**( प्रथप पटक प्रकाशित मिति २०७८/०८/२४ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक)**

आदरणीय शेयरधनी महानुभावहरु,

यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०७८/०८/२३ गते बसेको १२० औ बैठकबाट निर्णय भए बमोजिम यस वित्तीय संस्थाको नवौं वार्षिक साधारण सभा देहायमा उल्लेखित मिति, स्थान र समयमा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम उक्त वार्षिक साधारण सभामा सम्पूर्ण शेयरधनी महानुभावको उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछु ।

**साधारण सभा हुने मिति, स्थान र समय :**

मिति : २०७८ साल पौष २६ गते, सोमबार (तदनुसार १० जनवरी, २०२२)
स्थान : होटल पोखरा ग्रान्ड, पार्दी पोखरा, कास्की
समय : बिहानको ११:०० बजे

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व. २०७७/०७८ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तको वासलात, आ.व. २०७७/०७८ को नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण र सो सँग सम्बन्धित अनुसूचिहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आ.व. २०७८/०७९ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजीको १.१३ (एक दशमलव एक तीन) प्रतिशतका दरले हुन आउने रकम रु. ६१,०८,३१७.७६। (अक्षरुपी एकसठ्ठी लाख आठ हजार तीन सय सत्र रुपैयाँ छहत्तर पैसा मात्र) नगद लाभांश वापत (वोनस शेयरको कर प्रयोजनको लागि मात्र) वितरण गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

**(ख) विशेष प्रस्तावहरु**

१. सञ्चालक समितिबाट प्रस्ताव भए बमोजिम हाल कायम चुक्ता पूँजी रु. ५३,९८,०४,८२५.००।- (अक्षरुपी त्रिपन्न करोड अन्ठानब्ये लाख चार हजार आठ सय पच्चिस रुपैयाँ मात्र) को २१.५० प्रतिशतले हुन आउने रकम रु ११,६०,५८,०३७.३८ । (अक्षरुपी एघार करोड साठी लाख अन्ठाउन्न हजार सैतिस रुपैयाँ अठ्तीस पैसा मात्र) बराबरको बोनस शेयर जारी गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

२. बोनश शेयर जारी भए पश्चात वित्तीय संस्थाको जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि हुने भएकोले अधिकृत पूँजी, जारी पूँजी र चुक्ता पूँजी बृद्धि लगायतका बिषयहरु समावेश गरि संस्थाको प्रवन्धपत्र संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने सम्बन्धमा । (यससँग सम्बन्धित विवरण वार्षिक प्रतिवेदनमा संलग्न गरिएको छ) ।

३. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने सम्बन्धमा । (यससँग सम्बन्धित विवरण वार्षिक प्रतिवेदनमा संलग्न गरिएको छ) ।

४. यस वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका अन्य लघुवित्त वित्तीय संस्थासंग गाभ्ने/गाभिने वा प्राप्ति (Merger/Acquisition) सम्बन्धी प्रकृया अगाडी बढाउन उपयुक्त देखिएमा सो प्रयोजनका लागि समिति गठन गर्ने, मूल्यांङ्कनकर्ताको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने, गाभ्ने/गाभिने वा प्राप्ति सम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर गर्ने लगायतका सम्पूर्ण कार्य गर्ने अख्तियारी सञ्चालक समिति वा समितिले तोकेको पदाधिकारीलाई प्रदान गर्ने सम्बन्धमा ।

५. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट कुनै संशोधन, फेरबदल वा परिमार्जनका लागि निर्देशन भएमा सोही बमोजिम गर्न गराउन सञ्चालक समिति वा समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**(ग) विविध ।**

**सञ्चालक समितिको आज्ञाले,**
**(कम्पनी सचिव)**

## नवौं वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी

१. नवौं वार्षिक साधारण सभा प्रयोजनार्थ सञ्चालक समितिको १२० औं बैठकको निर्णय बमोजिम वित्तीय संस्थाको शेयर दाखिला खारेजी मिति २०७८ पौष ०९ गतेदेखि २०७८ पौष २६ गतेसम्म बन्द रहने छ । र नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७८ पौष ०८ गतेसम्म कारोबार भई ७ कार्यदिन भित्र यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी काठमाडौंबाट प्राप्त नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र यस वार्षिक साधारण सभामा भाग लिन र बोनश तथा लाभांश पाउन योग्य हुनेछन् ।

२. शेयरधनीहरुको जानकारीका लागि वार्षिक संक्षिप्त आर्थिक विवरण यसै सूचना साथ प्रकाशित गरिएको छ । वार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु वित्तीय संस्थाको वेवसाइट www.nmbmicrofinance.com मा पनि राखिएको छ ।

३. वार्षिक साधारण सभामा भाग लिन आउँदा शेयरधनीहरुले वार्षिक प्रतिवेदनका साथ संलग्न प्रवेशपत्र वा शेयरको प्रमाणपत्र/हितग्राही खाताको प्रमाण वा आफ्नो परिचय खुल्ने फोटो सहितको परिचयपत्र वा सो को प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ ।

४. वार्षिक साधारण सभामा भाग लिन आउने शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ राखिने उपस्थिती पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । शेयरधनी उपस्थिती पुस्तिका साधारण सभा हुने दिनको बिहान १०:०० बजेदेखि खुल्ला रहनेछ ।

५. वार्षिक साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले प्रतिनिधि पत्र (प्रोक्सी फारम) सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालय पोखरा-२५, हेम्जा, कास्कीमा दर्ता गराई सक्नुपर्नेछ ।

६. प्रतिनिधि नियुक्त गर्दा मतदान गर्न अधिकारप्राप्त वित्तीय संस्थाको शेयरधनी बाहेक अन्य ब्यक्तिलाई नियुक्त गर्न सकिने छैन । कुनै शेयरधनीले प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेपछि आफु स्वयं उपस्थित भएमा त्यस्तो प्रतिनिधि (प्रोक्सी) स्वतः रद्द भएको मानिनेछ ।

७. नाबालक वा विक्षिप्त शेयरधनीहरुको हकमा वित्तीय संस्थाको शेयरधनी दर्ता पुस्तिकामा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले मात्र साधारण सभामा भाग लिन वा प्रतिनिधि (प्रोक्सी) तोक्न सक्नेछ । संयुक्त रुपमा शेयर लिने शेयरधनीहरुको हकमा त्यस्तो शेयरधनीहरु मध्येबाट सर्वसम्मत रुपमा मनोनित प्रतिनिधिले वा सो बमोजिम कुनै प्रतिनिधि नियुक्त नभएमा शेयरधनी दर्ता किताबमा पहिलो नाम उल्लेख भएको शेयर धनीले मात्र साधारण सभामा भाग लिन पाउने छ ।

८. शेयरधनीहरुबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिन सक्नेछ ।

९. कुनै शेयरधनी महानुभावलाई वित्तीय संस्थाको सम्बन्धमा केही जिज्ञासा भए त्यस्तो व्यहोरा लिखित रुपमा सभा हुनुभन्दा कम्तीमा ७ (सात) दिन अगावै वित्तीय संस्थाको रजिर्ष्टर्ड कार्यालयमा पठाउनुहुन अनुरोध गर्दछौं । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

१०. साधारण सभामा भाग लिन आउनुहुने शेयरधनीहरुले साधारण सभासँग सम्बन्धित कागजात बाहेकका कुनै झोला, पोका वा अन्य निषेधित सामाग्री नलिई आउनुहुन अनुरोध गरिएको छ ।

***द्रष्टव्य*** *: वित्तीय संस्थाको वार्षिक प्रतिवेदन वित्तीय संस्थाको वेबसाइट www.nmbmicrofinance.com मा पनि राखिएको हुँदा त्यहाँबाट समेत हेर्न सकिने व्यहोरा जानकारी गराउछौं साथै कोरोना भाईरस (Covid-19) का कारण प्रतिकुल अवस्थाको सृजना भएमा शेयरधनी महानुभावहरुको स्वास्थ्यमा तथा सुविधालाई ध्यानमा राखी अनलाइन (Online) को माध्यमबाट समेत सभामा भाग लिने र आफ्नो मन्तब्य राख्न nmbmfagm@nmbmicrofinance.com मा इमेल गरि वा संस्थाका कम्पनी सचिबलाई सभा हुनु भन्दा ४८ घण्टा अगाडि जानकारी गराउनु पर्नेछ । भिडियो कन्फ्रेन्समा मार्फत उपस्थित हुन चाहने शेयर धनीलाई Meeting ID/Passcode उपलब्ध गराई सभामा सहभागी गराईने छ ।*